(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

सुनिश्चित महिला तथा बाल अधिकार


सु-सम्पन्न नेपालको आधार।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

वर्ष १५, अंक ३, पृष्ठ-६ ने.सं. ११३८ बछला थ्व:, द्वादशी, वि. सं. २०७५ बैशाख ७ गते शुक्रबार APR 2018 मूल्य रु. ५।-

## कृपा प्रकाशनद्वारा साहित्यकार बिजुक्छें सम्मानित

काठमाडौं । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छें(रोहित) सम्मानित हुनुभएको छ । कृपा प्रकाशन गृह र क्लब फिफ्टी नेपालको आयोजनामा शनिबार नेपाल पर्यटन बोर्डमा भएको कपिल लोहनीको पुस्तक 'विचार र अनुभूति' को विमोचन कार्यक्रममा उहाँलाई सम्मानित गरिएको हो । कपिल लोहनी पाका साहित्यकार, कुटनीतिज्ञ र अर्थविद् गोविन्दप्रसाद लोहनीको कान्छा छोरा हुन् ।



बिजुक्छेंलाई गोविन्दप्रसाद लोहनीले हस्ताक्षर गर्नुभएको कदर पत्र प्रदान गरी सम्मान गरिएको थियो । स्वास्थ्य अवस्थाका कारण लोहनी स्वंय कार्यक्रममा सहभागी बन्न नसकेपछि कपिल लोहनीले कदर पत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेंले गोविन्दप्रसाद लोहनीको व्यक्तित्वबारे चर्चा गर्नुभयो । उहाँले नेपाली साहित्य, कुटनीति र अर्थशास्त्रको क्षेत्रमा लोहनीको योगदानमाथि प्रकाश पार्नुभयो ।

उहाँले नेपालका सत्तासीन र प्रतिपक्षमा बस्ने राजनीतिक पार्टीहरुमा कुटनीतिक क्षेत्रका विज्ञ व्यक्तित्वको कमी भएको बताउनुभयो ।

उहाँले कुनै पनि व्यक्तिले सधैं गुण लगाउन नसक्ने तर लोहनी, बल्लभमणि दाहाल, श्यामप्रसाद शर्मा, आनन्ददेव भट्ट, लक्ष्मण राजवंशीजस्ता अग्रजहरुले देश र जनताप्रति लगाउनुभएको गुणको कदर गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले आफ्नो मन्तव्यमा गोविन्दप्रसाद लोहनीसँग जोडिएका विभिन्न प्रसङ्गबारे चर्चा गर्नुभयो ।

अध्यक्ष बिजुक्छेंले काठमाडौंलाई राजनीतिक र साँस्कृतिक राजधानी बनाउनुपर्ने विचारका साथ आफूले संसदमा विधेयक प्रस्तुत गरेको स्मरण गर्दै संकुचित विचार भएका शासक दलका नेताहरुका कारण त्यसो हुन नसकेको धारणा राख्नुभयो ।

उहाँले राज्यको माथिल्लो तहमा रहेका व्यक्ति नियमित रुपमा जनताको बीचमा जान सके मात्र जनताका समस्या बुझ्न सक्ने बताउनुभयो ।

विवेकशील-साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले 'विचार र अनुभूति' पुस्तकका लेखक कपिल लोहनीको व्यक्तित्वमाथि चर्चा पार्दै लोहनी लेखन, गायन, कलात्मक गतिविधिका लागि उपयुक्त व्यक्तित्व भएको धारणा राख्नुभयो ।

कलाकार तथा लेखिका इन्दु पन्तले नेपालका शासक दलका नेताहरुले अध्ययन बिनाको आँट गर्दा नेपाली जनताका आशामा तुषारापात भएको विचार राख्नुभयो ।

कार्यक्रम राष्ट्रपति कार्यालयका परराष्ट्र सल्लाहकार मदनकुमार भट्टराई, सिनेसमालोचक प्रकाश सायमी, विज्ञापनकर्मी अभय पाण्डे, क्लब फिफ्टीका दमन बस्नेत र लेखक कपिल लोहनीले बोल्नुभएको थियो ।

## सिडिएसको विविध तालिम सम्पन्न

पाँगा। पाँगा सामुदायिक विकास समाज नेपाल, एक्सन एड र होमनेट नेपालको संयुक्त आयोजनामा ६ महिने कृषि तालिम र २ दिने व्यावसायिक लेखा तालिम सम्पन्न गरेको छ ।

कृष्ण क्याटरिङ्ग नयाँबजारमा भएको लेखा तालिममा प्रशिक्षक गम्भिर महर्जनले दैनिक हिसाव किताव, नगदी कारोबार र लेजर खाता, बैंक भौचर बनाउने तरिकाबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान दिएको थियो ।

CDS नेपालका अध्यक्ष हिरा बहादुर महर्जनको सभापतित्वमा भएको लेखा तालिममा सहभागी कीर्तिपुर नपा वडा नं. ५ र ८ का उद्यमीशील संस्थालगायत विभिन्न संघसंस्थाका प्रशिक्षार्थीलाई कीनपा वडा नं. ८ का वडा अध्यक्ष विनोद महर्जनले प्रमाणपत्र प्रदान गरेको थियो ।

त्यसैगरी कृषि ( आइ.पी.एम) शत्रुजीव व्यवस्थापनको ६ महिने तालिम चैत्र २८ गते सम्पन्न भयो। पाँगा क्षेत्रका ४२ जना कृषकहरुलाई स्वस्थ बाली उत्पादन, खेतबारी नियमित अवलोकन शत्रुजीव र दक्ष कृषक कसरी बन्ने विषयमा कृषि सेवा केन्द्र धन बहादुर रावतले र काउली र बन्दाबाली विषयमा आइपीएम पाठशालाका सहजीकरण प्रशिक्षक बाला नानी महर्जनले प्रशिक्षण दिनु भएको थियो ।

कार्यक्रममा तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई वडा नं. ५ र ८ का वडा अध्यक्ष राजेन्द्र कुमार महर्जन र विनोद महर्जनले प्रमाणपत्र प्रदान गरेको थियो। तालिम असोज २७ गतेवाट सुरु भएको थियो ।

सिडिएस नेपालले समुदायको अगुवाईमा सामुदायिक पुन:निर्माण कार्यक्रम अन्तर्गत विविध तालिम दिईदै आइरहेको छ ।

## ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणार्थ

### आजबाट पाँगामा श्रीमद्भागवत सप्ताह सुरू



पाँगा । ज्येष्ठ नागरिक सेवा केन्द्रको आयोजनामा आज ७ गते शुक्रबारबाट पाँगा लाछीमा श्रीमद् भागवत महायज्ञ सुरु हुँदैछ ।

२०७२ साल बैशाख १२ गते महाभूकम्पमा परी दिवंगत हुनुभएका मृत आत्माको चिरशान्तिको कामना गर्दै ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणार्थ श्रीमद् भागवत सप्ताह हुन लागेको हो । सप्ताहमा पण्डित रामचन्द्र तिमिल्सिनाबाट कथा वाचन हुनेछ ।

पहिलो दिन विहान ७ बजेदेखि विष्णुदेवी भाजंगाल पीठबाट बाजागाजासहित कलश यात्रा सुर भई पाँगा परिक्रमा गरिनेछ ।

कलश यात्रा पाँगा लाछीमा पुगेपछि दिनको २ बजे उद्घाटन कार्यक्रम तय गरेको छ । सप्ताहको समापन बैशाख १५ गते हुनेछ ।

'दान गरौं पुन्य कमाऔं'भन्ने शंखघोष गरेको यो सप्ताहबाट आर्थिक भौतिक सहयोग संकलनबाट ज्येष्ठ नागरिक सेवा केन्द्रको लागि जग्गा दान प्राप्त ६ आना जग्गामा भवन निर्माण गरी निरन्तर सेवा दिने उद्देश्य लिएको छ । सबैबाट सहयोग मिल्ने अपेक्षा आयोजकले गरेको छ ।

के तपाईंलाई थाहा छ ?



२०७५ साल जेष्ठ १ गतेदेखि कीर्तिपुर नगरपालिका क्षेत्रमा २०X३५ इन्च साइज र ४० र सो भन्दा कम माईक्रोन मोटाई भएका प्लास्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने नगर कार्यपालिकाको निर्णय



भएकोले ऐतिहासिक, धार्मिक, पुरातात्विक धरोहरहरुले भरिपूर्ण पर्यटकीय विकासको दृष्टिकोणले प्रचुर सम्भावना रहेको यस कीर्तिपुर नगरपालिकालाई प्रदुषणमुक्त शहर बनाउने तथा स्वच्छ कीर्तिपुर अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला संघसंस्था एवं नगरवासीहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

कीर्तिपुर नगरपालिका
स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन समिति

Admission Open

A Full fledged English Medium School a Pioneer in the field of modern education announces New Admission Open from **Play Group to Grade VII** on merit basis for the academic session 2075.


**Entrance Examination:**
- 24th Chaitra (Saturday)
- 30th Chaitra (Friday)


Entrance Time: 11:00 AM

New Admission forms are available on all working days from school reception in between 10:00 AM to 4:00 PM

LABORATORY SECONDARY BOARDING SCHOOL
Kirtipur, Kathmandu, Phone: 4330790/4331790
Email: ourlabschool@yahoo.com

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद


लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ


राजमान माली
वि सं. २०२५ मंसिर


राजेन्द्र महर्जन
वि.सं. २०३० चैत


# सहिद साप्ताहिक

वर्ष १५, अंक ३, २०७५ बैशाख ७ गते शुक्रबार

**शंखापुर प्रकाशन समूहको लागि**

सम्पादक/प्रकाशक: नारायण महर्जन

कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप

सम्पर्क कार्यालय: जहूँ हिटी युवा क्लव - ११

पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com

www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं


## सम्पादकीय...

## कहालिलाग्दो त्यो दिन

*सबैलाई त्रास र कहालिलाग्दो त्यो दिन थियो बैशाख १२ गते २०७२। अहिले पनि सम्झनामा आउँदा जिऊ नै सिरिङ्ग हुन्छ। कसैले कसैलाई पनि पर्खसम्म पनि भन्न नसकेको, नभ्याएको गरी गएको महाभूकम्प। महाभूकम्पमापरि दिवंगत हुनुभएका सबैलाई श्रद्धासुमन व्यक्त गर्न चाहन्छौं। घाइते भएकाहरुको जीवन सहज ढंगले अगाडि बढुन् भन्ने शुभकामना पनि दिन चाहन्छौं।*

*३ वर्ष बित्यो भूकम्पले कहालिलाग्दो बनाएर गएको तर हामी सबै नेपालीको जीवन अझै कष्टकर बन्दैछ।*

*अझै पनि धेरै भूकम्प पीडित जनता टहरा, जस्तापातामा जीवन जिउन बाध्य छन्। भूकम्प पीडितको नाममा आएको सहयोग रकम र भौतिक सामग्रीहरु लेखाजोखा गर्ने हो भने कमसेकम बासको लागि घर बनाइसकिन्थ्यो।*

*राज्यले नै भूकम्प पीडितको लागि पारिवारिक जनसंख्याको आधारमा आवासको व्यवस्था या निर्माण गरिदिएको भए सरकार र शासकहरुको धेरै जय जयकार हुन्थ्यो होला।*

*भूकम्प प्रभावित आवास पुन:निर्माणको लागि आएको रकम पनि सहजरुपले उपलब्ध हुन सकेन।*

*लालपूर्जा नभई नक्सा नबन्ने, नक्सा पेश नगरी निर्माण नहुने भएपछि पहिलो किस्ता बापत ५० हजार राहत पाएका धेरै भूकम्प पीडितले दोस्रो रकम लिन पाएका छैनन्।*

*दोस्रो किस्ताको रकम लिन डिपीसीसम्म गरिसक्नु पर्दथ्यो। दोस्रो र तेस्रो किस्ता पाउन सरकारी प्रक्रिया कम्तीमा २ हप्तादेखि ४ हप्ता नत्र आठ हप्तामा पाउन पनि मुस्किल छ।*

*भूकम्प पीडितले कानूनी प्रक्रिया पुरा गरेपछि अहिलेको समयमा कम्तीमा एक हप्ताभित्र राहतको व्यवस्था गरिदिनु पर्दथ्यो।*

*भूकम्प पीडित जनताले भूकम्प अघिको सरकार र भूकम्पपछिको सरकारको भेद देखेको छैन। उस्तै उस्तै जुन जोगी आएपनि कानै चिरेको। राज्यले जनताको जीवनस्तर उठाउन यथाशीघ्र छिटो छरितो र सहज ढंगले नीजि आवास पुन:निर्माण गर्ने पहल गरेमा भूकम्प पीडितले छिटो राहत पाएको महसुस गर्नेछ।*

# आफ्नै कार्यकालको भ्रष्टाचारमा कल्लाई मिल्काउने !

प्रधानमन्त्री ओलीले सत्ता सम्हालेलगत्तै ललितपुरको एउटा कार्यक्रममा बोलेका थिए - 'भ्रष्टाचारीलाई टपक्क टिपेर मिल्काउँछु। अचम्म नमान्नु जिन्दगीसँग ठट्टा गर्ने समय छैन।' त्यसैगरी बिक्रम सम्बत्को नयाँ वर्ष अर्थात् बैशाख १ गते मुगुको राराबाट सम्बोधन गर्दा भ्रष्टाचारकै सन्दर्भमा उनले भने -'भ्रष्टाचारले समाजलाई बर्बाद बनाउँछ। वर्तमान सरकार भ्रष्टाचारविरुद्ध निर्मम र सम्झौताहीनढंगले प्रस्तुत हुनेछ। कुनै बहानाबाजी स्वीकार्य हुनेछैन। कतैबाट पनि भ्रष्टहरूलाई संरक्षण दिइने छैन।'

**बेरुजूको पहाड**

ओलीका भ्रष्टाचार विरुद्धका अभिव्यक्तिलाई हालै सार्वजनिक महालेखा परीक्षक कार्यालयको ५५ औं वार्षिक प्रतिवेदनले पनि गिज्याइरहेको छ। अर्थात् प्रधानमन्त्री ओलीले जनता झुक्याउन सफेद झूट बोलिरहेको प्रमाण मलेपको उक्त प्रतिवेदनलाई लिन सकिन्छ। आर्थिक वर्ष २०७३/७४ मा ओली पनि देशका प्रधानमन्त्री थिए। तर राज्यकोषमा उक्त १ वर्षमा १ खर्बको बेरुजू थपिएको उल्लेख छ। १२ खर्बको बजेट ल्याएको सरकारको ढुकुटीमा ५ खर्ब ८ करोड त बेरुजूमात्र रहेको छ। प्रधानमन्त्री कार्यालयदेखि विभिन्न निकाय अनि अझ बढी स्थानीय तहसम्म बेरुजूको नाममा ब्रम्हलुट भइरहेको तथ्य/तथ्याङ्कले भ्रष्टाचार जगमगाएको देखिन्छ। अत्यधिक बेरुजू भ्रष्टाचार नै हो वा भ्रष्टाचारको जग वा माध्यम हो। तर सर्वोच्च अदालतले नै बेरुजूलाई भ्रष्टाचार मान्न नमिल्ने निर्णय गरेकोले यसैको आडमा बेरुजू अर्थात् भ्रष्टाचार दिन दुगुना रात चौगुनाको हिसाबले बढ्दो छ। त्यसो त सर्वोच्च आफैले पनि बेरुजूको खाडललाई फराकिलो बनाउँदै लगेको छ। अर्थात् आफै भ्रष्टाचारमा फसेको छ। सर्वोच्च अदालतमै १३ करोड १३ लाख ९ हजार अनियमतता भएको उक्त प्रतिवेदनले देखाएको छ।

सर्वोच्चका १३ जना पूर्वन्यायाधीशले गैरकानुनी रुपमा सरकारी सवारी साधन दुरुपयोग गरेका रहेछन्। जबकि अवकाश पाएको ७ दिनसम्म मात्र गाडी प्रयोग गर्न पाइने नियम छ। सर्वोच्चका ३७ जना पदाधिकारी र ८ कर्मचारीले गत वर्ष विदेश भ्रमणको लागि झण्डै ५३ लाख २० हजार पेश्की लिएको तर फछ्र्यौट नै नगरेको पनि प्रतिवेदनमा उल्लेख छ। प्राविधिक सहायताको नाममा डेनमार्कबाट प्राप्त ९ करोड ७६ लाख र अर्को एउटा कार्यक्रमको लागि जापानबाट प्राप्त ४ करोड १७ लाख ४३ हजारको पनि सर्वोच्चले लेखापरीक्षण नै नगराएको देखियो। बाग्लुङ जिल्ला अदालतको ३ तले भवनमा ७ तलाको लिफ्ट देखाई बिल भुक्तानी गरिएकोबाट पनि न्यायालय भ्रष्टाचारमा कति चुर्लुम्म डुबेको छ भन्ने बुझ्न गाह्रो छैन। पूँजीवादी व्यवस्थामा न्यायालय पनि भ्रष्टाचारको अखडा हुन्छ भन्ने एउटा गतिलो उदाहरणको रुपमा पनि हामी यसलाई लिन सक्छौं।

ठूलो बेरुजू रकम वा भ्रष्टाचारमा सिंहदरबारभित्रका मन्त्रालयहरूको लामो सूची छ। कूल बेरुजू रकमको १९.३३ प्रतिशत त खानेपानी तथा सरसफाइ मन्त्रालयको रहेको छ। यो मन्त्रालय भ्रष्टाचारको लिगलिगे दौडमा पहिलो भएको छ। त्यसैले त सरकारको हरेक बजेट भाषणमा काठमाडौंका जनतालाई मेलम्चीको पानी कि दशैंमा कि बैशाखमा खुवाउने प्रतिबद्धता आइरहँदो रहेछ। यता बजेटमा लेखिराख्यो उता बेरुजूको आडमा भ्रष्टाचार गरिरह्यो। मन्त्री, मन्त्रीको पार्टी, त्यसका नेता, कार्यकर्ताको खल्ती भरिरह्यो अनि प्यासमा छट्पटिएका र रित्ता गाग्री, ग्यालन लिएका जनतालाई काकाकुल बनाइरह्यो। विनाकारण मेलम्चीको पानी नआएको होइन रहेछ। भ्रष्टाचारले छेकेको रहेछ ! त्यसपछि दोस्रो नम्बरमा बेरुजू वा भ्रष्टाचार हुने सहरी विकास मन्त्रालयको १८.३३ प्रतिशत बेरुजू रकमकै कारण जनताले धुलोधुँवामा निस्सासिन परेको रहेछ। देशको संरचना नभत्काएसम्म सरकारमा बस्नेहरूको घर नठडिने त यथार्थ नै हो, त्यसकारण बेरुजू वा भ्रष्टाचार बढी।

१७.६५ प्रतिशत बेरुजू भौतिक पूर्वाधार तथा यायाताय मन्त्रालयको नाममा देखियो। शिक्षा मन्त्रालयमा ९.७५ प्रतिशत देखियो। सरकार चलाउनेहरू एकातिर निजी विद्यालय, कलेज र अस्पतालबाट कमिशन खाने अर्कोतिर सार्वजनिक संस्थामा यसरी नै भ्रष्टाचार गरी ध्वस्त बनाउने काममा लागिरहेको पनि यसले पुन: पुष्टि गऱ्यो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ७.०१ प्रतिशत बेरुजू देखियो। सिंचाई मन्त्रालयमा ७.२८ प्रतिशत बेरुजू देखियो। रक्षा मन्त्रालयमा ११.८६ प्रतिशत बेरुजू देखियो। गृहमा पनि त्यत्तिकै बेरुजुको मात्रा बढेको देखिन्छ। गृहमन्त्रालयमा सचिवदेखि मन्त्रीसम्मले ब्रम्हलूट गरेको तथ्य-तथ्याङ्क सार्वजनिक भएको छ। हालका मुख्यसचिव लोकदर्शन रेग्मीले गृह सचिवको रुपमा काम गर्दा सुराकीको नाममा राज्य कोषको चरम दुरुपयोग गरेका रहेछन्। उनले १ वर्षमा ५३ लाख रुपैयाँ सुराकी खर्चका नाममा दुरुपयोग गरे, जुन रकम अघिल्ला गृह सचिवको भन्दा १२० गुणा बढी हो। सुराकीका नाममा गृहमन्त्रीले समेत बजेट दुरुपयोग गर्ने रहेछन्। आ.व. ०७३/७४ मा नेकाका विमलेन्द्र निधि र माओवादीका जनार्दन शर्माले गृहमन्त्री भएर ६१ लाख खर्च गरेका रहेछन्। त्यसकारण पनि यो मन्त्रालयको भागवण्डामा तँछाडमछाड हुने रहेछ !

निर्वाचन आयोगको नाममा १९ करोड बेरुजू देखियो अनि कहाँबाट हुन्छ निर्वाचन स्वच्छ र धाँधलीरहित ! एमाले, माओवादी केन्द्र, काँग्रेसलगायत पूँजीवादी पार्टीले आचारसंहिताको धज्जी उडाउँदै पैसाको खोलो बगाउँदा चुप बस्नुको कारण पनि यही हो कि आयोग आफै भ्रष्टाचारी भो। स्थानीय तहको चुनावको लेखापरीक्षण सम्पन्न हुँदा हरेक सामग्री, चिया खर्च र कार्यक्रममा नियमविपरीत बढी रकम खर्च भएको, हुँदै नभएको भत्ताको नाममा वितरण गर्ने आयोगमा चरम आर्थिक अराजकता लाजमर्दो नै देखिन्छ। आयोगले दाताबाट आएको ९ सय थान ल्याप्टप आफैले किनेको बिल बनाएको र चीन सरकारबाट सहयोग प्राप्त निर्वाचन सामग्री पनि खरिद गरेको भनी बिल पेश गरिएको छ। त्यस्तै प्रतिगोटा ८ रुपैयाँ ४१ पैसा अनुमान गरी मतदाता परिचयपत्र छाप्न टेण्डर आह्वान गरेकोमा निर्धारित समयमै आएका दुईवटा कम्पनीको टेण्डर रद्द गरी दोस्रोपटक टेण्डर आह्वान गरेर ११ रुपैयाँ २९ पैसाका दरले ठेक्का दिएको रहेछ। यसबाट करिब १ करोड ४० लाख परिचयपत्र छाप्दा राज्यलाई ४ करोड ३ लाख २० हजार नोक्सान भयो। यतिमात्र होइन, राज्यको ढुकुटी कसरी लुट्ने भन्ने 'आइडिया' आयोगलाई राम्रै आउने रहेछ। उदाहरणको निमित्त २०७३ चैत १८ र १९ मा निर्वाचन आयोगले होटेल यलो प्यागोडामा निर्वाचन सुरक्षासम्बन्धि कार्यक्रम गरेको थियो। आयोगको गेटबाट होटल जम्मा ५० मिटरको दूरीमा मात्र छ। ३७ जना कर्मचारीले अलग अलग ट्याक्सी चढेको भनेर २-२ हजारको दरले भुक्तानी लिएका रहेछन्। त्यस्तै 'आइडिया नेपाल'ले निर्वाचन सहायताको रुपमा असार मसान्तसम्म ४० लाख ५४ हजार उपलब्ध गराएको विवरण लेखापरीक्षकलाई दिएन। आयोगको नियमानुसार एक पाहुनाको लागि स्तरअनुसार २५० देखि ५ सयसम्म खाजा खर्च गर्न मिल्ने रहेछ। २०७४ बैशाख १० गते होटेल प्यागोडामै आयोजित दलका प्रतिनिधिसँगको छलफल कार्यक्रममा विभिन्न दलका १९७ प्रतिनिधि सहभागी थिए। ५ सयका दरले नै खर्च गर्दा पनि ९८ हजार ५०० रुपैयाँ खर्च हुनुपर्नेमा ७ लाख ५३ हजार खर्च देखाइएको छ। अन्य कार्यक्रममा ३ लाख खर्च हुनुपर्नेमा १३ लाख खर्च देखाइएको छ। साथै मतपत्र छाप्न जनक शिक्षा सामग्री केन्द्रलाई ४५७ मेट्रीक टन कागजको मूल्य र छपाईको मूल्य अलग अलग तिर्ने सम्झौता भएको रहेछ। नमूना मतपत्रको लागि कागजसहितको एकमुष्ट रकम १८ लाख ९३ हजार भुक्तान भएको थियो। तर पछि मतपत्र छपाईकै रकम भुक्तान गर्दा नमूना मतपत्रको लागि कागज किन्न भनेर अतिरिक्त ५ लाख ४५ हजार रुपैयाँ पनि भुक्तान गरिएछ।

आयोगले ३० वटा कार-जिप, १८ वटा पिकअप् भ्यान, ३ वटा माइक्रो बस, ३ वटा ट्रक १ बस चालु अवस्थामा हुँदाहुँदै साढे ११ करोडभन्दा बढी खर्चेर ५ वटा नयाँ गाडी किन्यो। त्यो भ्रष्टाचारकै लागि थियो। आयोगका प्रमुख आयुक्तले मासिक १५० र आयुक्तले १०० लिटर इन्धन बापत नगद लिंदै आएका छन्। त्यो पैसा खल्तीमा हालेर इन्धनको कुपन पनि लिंदैआएका रहेछन्। आयुक्त इला शर्माले त मासिक इन्धनको पैसा मात्र होइन, आफ्नो एउटै गाडीको लागि डिजेल र पेट्रोलको पनि कुपन लिएकी छिन्। यसले पूँजीवादी व्यवस्थामा महिला होस् या पुरुष अधिकारी भ्रष्टाचारी नै हुन्छन् भन्ने देखाउँछ।

नेपाल आयल निगमले पनि जग्गा खरिद प्रकरणमा सवा ६१ करोड रुपैयाँ राजश्व छली गरेको छ। १७ गुणा महँगोमा खरिद गरिएको कतिपय जग्गामा तेल भण्डारण नै गर्न नमिल्ने रहेछ। यस्ता अनेकन बेरुजू वा भ्रष्टाचारका तथ्य तथ्याङ्कले मलेपको प्रतिवेदन रङ्गिएको छ।

ठूलो रकम खर्च गर्ने सार्वजनिक संस्थानदेखि कतिपय विश्वविद्यालयसम्मले लेखापरीक्षण नै नगराएको तथ्यले राज्यको ढुकूटी डरलाग्दो तरिकाले लुटिरहेको प्रष्ट हुन्छ। स्थानीय तहहरूमा झनै बढी अनियमितता देखिन्छ। जुन अझ बढ्ने निश्चित छ। हिजोका दिनमा पनि एमालेकै प्रतिनिधि स्थानीय तहमा बढी थिए। घुस नखाई काम नगर्ने प्रवृत्तिले पनि लेखापरीक्षण नगराउने रहेछन्। राज्यले चियापानमा मात्र वर्षमा रु. ६ अर्ब ९४ करोड खर्च गरेको छ। त्यसमा १ अर्ब विनियोजन गरेकोमा ५९६ प्रतिशत बढी खर्च भएको देखियो।

सुकुमबासी समस्या समाधानको नाममा २०७१ असार २ गते सुकुमबासी समस्या समाधान समिति गठन गरेको थियो, सरकारले। २०७३/०७४ मा आयोग र त्यस अन्तर्गतका समितिले विभिन्न पदाधिकारी एवं कर्मचारीको तलब भत्तामा मात्र ४ करोड ७१ लाख र अन्य भत्तामा, १ करोड २१ लाख अनुगमन तथा भ्रमण, फर्निचरलगायतमा २ करोड ३८ लाखसमेत गरी ८ करोड ३० लाख खर्च भएको देखिन्छ तर काम भने शून्य छ।

विभिन्न नगरपालिकाका जनप्रतिनिधि, सीईओ, इञ्जिनियरलगायत भ्रष्टाचार वा घूससहित पक्राउ परिरहेका समाचार ताजै छन्। त्यसो त यो ठूला माछा चिप्लिने र साना माछामात्र हातमा पर्ने देश भनेर पनि चिनिन्छ। तर चिप्लिने भन्दा पनि चिप्ल्याउने सरकारहरू भन्नुपर्ला। २-४ लाख घूस प्रकरणलाई चर्चित गराई करोडौं, अर्बौं भ्रष्टाचार गर्ने शासक दललाई छायाँमा पार्न पनि त्यसो गरिएको बुझ्न गाह्रो छैन।

**प्रतिव्यक्ति ऋणभार बढ्दो**

बेरुजू जति बढी त्यति नै अकल्पनीय भ्रष्टाचार। भ्रष्टाचार बढ्दा राज्यको कूल ऋण दायित्व पनि बढ्दो छ। आर्थिक वर्ष २०७३/०७४ मा सरकारको कूल ऋण दायित्व ६ खर्ब ९७ अर्ब ६९ करोड पुगेछ। यसभन्दा अघिल्लो आ.व.मा ६ खर्ब २७ अर्ब ८० करोड थियो। जसमध्ये वैदेशिक ऋण मात्र ४ खर्ब १३ अर्ब ९८ करोड छ। देशको कूल ऋणलाई अहिलेको जनसंख्या २ करोड ८७ लाख २९ हजार (केन्द्रीय तथ्याङ्क विभागको प्रक्षेपण) लाई आधार मान्दा प्रतिव्यक्ति ऋण दायित्व २४ हजार २७६ रुपैयाँ २५ पैसा पर्न आउने रहेछ। यो पनि एक वर्षमा २ हजार १४७ रुपैयाँ ३४ पैसाले बढेको हो। उक्त ऋणभार जंगली गिट्ठा भ्याकूर खाई छाक टार्ने गरिब र तिनका सन्तानले पनि बोक्नुपर्ने बाध्यता छ तर प्रधानमन्त्री ओली आफै पनि १५ अर्ब सम्पत्तिका मालिक भनी समाचार छापिएको छ।

पूँजीवादी व्यवस्थाको नेतृत्व गर्ने एमाले, माओवादी केन्द्र पनि पूँजीवादी पार्टी सावित भइसकेका छन्। पूँजीवादी व्यवस्थालाई टिकाउने वा पूँजीवादका हिमायती मुख्य पार्टी पनि भ्रष्टाचारमा डुबेका छन्। भ्रष्टाचारको मात्राले पूँजीवादी व्यवस्था कुन अवस्थामा छ भन्ने पनि खुट्याउन सकिन्छ। साँचो कम्युनिष्ट पार्टीले सत्ताको नेतृत्व गर्दा भ्रष्टाचार नियन्त्रण, न्यूनीकरण र त्यसको अन्त्यको लागि भ्रष्टाचारीलाई मृत्युदण्डको बन्दोबस्त समेत गर्छ। नेपालमा भ्रष्टाचार चुलीमा पुगिसक्यो, देश खोक्रो भइसक्यो। तर भ्रष्टाचारीलाई मृत्युदण्ड कानुन बनाउनतिर नलागी भाषणमात्र गरेर तालीको स्वाद लिने र जनतालाई भ्रममा राख्ने काममा सरकारको नेतृत्व लागेको छ, ओली त्यसमा अब्बल दरिंदै छन्। यसले प्रधानमन्त्री ओली ठट्टैमात्र गर्ने नक्कली कम्युनिष्ट हुन् भन्ने बुझ्न नेपालीलाई धेरै समय लाग्ने छैन। आफ्नै कार्यकालमा भएको भ्रष्टाचारमा कसलाई टपक्क टिपेर कसरी मिल्काउने ? मलेपको प्रतिवेदनले प्रम ओली बिलखबन्दमा परे कि ? अब अरु बढी ठट्टा नेपाली जनतासँग नगरेकै जाति प्रधानमन्त्रीले।

*– अन्तरा*

# बिकास र समृद्धि कि विनाश र विकृति



– श्रीकृष्ण महर्जन
पूर्व उप–सचिव

नेपालका ठूला दलहरु ने.का., माओवादी र एमाले पार्टीहरुले यसपालीको निर्वाचनमा नेपाललाई विकास र समृद्धिको नारा धेरै ओकले । तर त्यसको मापदण्डलाई ईंगित गरेको कतै पाएन । सायद धेरै नेपालीले भुली सक्यो होला । यी नाराहरुले मलाई पंचायतीकालमा नेपाललाई शान्ति क्षेत्र घोषणा गरेको झ–झल्को आउँछ । जस्को उद्देश्य त्यसबेला पंचायतईतरको राजनैतिक दलहरुलाई थिचोमिचो गर्नु थियो । त्यस्तै गरिबी निवारण गर्ने नाममा एसियाली मापदण्डको नारा दिए । त्यसमा पनि कुनै नाप्ने यन्त्र थिएन । धेरैको आलोचना पछि त्यसैको नाममा आधारभूत आवश्यकतामा परिणत गर्‍यो । त्यो पनि नापोको कुनै यन्त्र थिएन आधारभूत आवश्यकतामा के–के पर्छ । पछि त्यो पनि बिलाएर गयो । हालसम्म नेपाली जनताले भोगेको तीतो सत्य यहि हो । आखिर पंचायत व्यवस्थाकै अन्त्य भयो ।

अहिले प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्र छ । पंचायत व्यवस्थाले जनताको चाहना र आवश्यकता अनुसार काम गर्न नसकेको र दलगत व्यवस्थालाई मान्यता नदिएकोले जनता सडकमा उत्रे । अहिलेका थोत्रे नेताहरुको लहैलहैमा लागे । तर परिणामले यी नेताहरु देश चलाउन नालायक भएको पुष्टि हुँदैआएको छ । तर नेपाली नेताहरु पंचायती मानसिकता भन्दा पनि खराब र सत्ताको लागि जे पनि गर्न पछि नपर्ने देखियो । पंचायती व्यवस्थामा तयार गरेका सबै उत्पादनका साधनहरु समेत निजिकरणको नाममा बेचेर खाए आफनै सम्पति बनाए । पंचायती व्यवस्थामा कुनै पदबहाली भएर हालिमुली गर्न नपाएको सबै एकैचोटी हसुरे । नेताहरु डुङ्गडुङ्गति गनाईसकेकोले जनतालाई झुक्याउन अर्को चाल चाले विकास र समृद्धि ।

मेलम्चीको पानीले काठमाडौंको सडक धुने कुरा करिब २२ बर्ष भयो यहि काफी भएन र । विकासको नारा पनि नौलो चाहि पक्कै होइन । राज्य सत्तामा पुगेका हरेक सरकारले दिदै आएको छ । तर कुन सरकारको पालामा कति विकास भयो त्यसको ठोस प्रमाण दिन सक्ने कुनै आधार भन्ने दिन सकेको छैन । तर समग्रमा हेर्ने हो भन्ने नेपालीको आर्थिक स्तर झनझन खस्किँदै गएको छ । नेपाली जनताको दैनिकी चलाउन नभई नहुने खाद्यान्न समेत विदेशीको भरमा निर्भर भएपछि वार्षिक अर्वौं आयात भएको छ । नेपाली उत्पादनको लागि नभई नहुने रासायनिक मल समेत नक्कली ल्याएर बिज बिजन समेत किसानलाई नक्कली दिएर कमिशनमा पल्केका सरकारले देश निर्माणको कामको वकालत गर्नु लाजमर्दो छैन ? आफ्नै मान्छे, आफ्नै आसेपासे र पैसाको चलखेलमा सबै काम हुने हुनाले निर्माणको काममा खर्च हुने ५० प्रतिशत रकम कमिशन र आफ्नै आसेपासेलाई बाँडफाँट गरेर विकासको गति कसरी हुन्छ ? गुण्डा, लुट र डनहरुलाई प्रहरीले पक्राउ गर्दा संसदमा समेत मानव अधिकार हनन् भएको स्वाङ्ग रचेर खबरदारी गर्ने दलका नेताहरुले देशको विकास गर्छु भनेको जनताले कसरी विश्वास गर्ने । निश्चय पनि यी नेताहरुको भने विकास धेरै भएको छ र समृद्धि पनि भएको छ । राज्यको ढुकुटी हातमा लिएर हालीमुहाली गर्न पाएपछि हिजोका चप्पले नेताहरु आज करोडौंको महलमा करोडौंको सम्पति र कराडौंको गाडी हुईक्याएर सडकमा हिँडेको नेपाली जनताले देखेकै हो ।

भर्खरै फेसबुकमा एउटा कुरा भाईरल भएको छ । त्यो कुरा सत्य हो भने भु.पू. प्रधानमन्त्रीहरु शेरबहादुर देउवासँग २५०० करोड, हालका प्रधानमन्त्री के.पी.ओलीसँग १५०० करोड, प्रचण्डसँग १५०० करोड हालको सभामुख कृष्णबहादुर महरासँग १५०० करोड सम्पति भएको खुलासा भएको छ । केहि समय पहिला महराजीले चीनमा ५० करोडको कुराकानी गरेको पनि समाचार बनेको थियो पत्याउने की नपत्याउने दोधारमै छ । नपत्याउँ पनि कसरी ? प्रधानमन्त्री हुनेहुने समयमा ओलीज्यूले व्यापारीहरुको माहोलमा लुकिरहेको सम्पतिलाई करको दायरामा ल्याउने कुरा गरेकै हो । सायद यी सम्पतिलाई वैध बनाउननै बोलेको अनुमान लगाउने पनि धेरै छन् । त्यस्तै डा.भट्टराई अर्थमन्त्री हुँदा पनि जनतासँग लुटेको सम्पति करको दायरामा ल्याउने भनेर वैध बनाएको ताजानै छ ।

यी त फेसबुकमा देखिएका पात्रहरु मात्र हुन् । नदेखिएका पात्रहरु कति होलान त्यो त बिस्तारै बाहिर आउला नै । अहिलेका एमाले नेताहरु मध्ये पहिला पनि पानी राख्ने ट्याङ्कीमा नोटका बिट्टाहरु भेटिएका समाचारहरु पढेकै हो । अनि विश्वास गर्न लायक बनाई दिने स्वभाविक भएन र । तर हालसम्म भ्रष्टाचारको जति कुरा अगाडि ल्याएपनि कुनै नेताले मुख खोलेर भ्रष्टाचारको वकालत गरेको थाहा छैन । किनकी "लहरो तान्दा पहरो आउने" डर सबै नेतामा छ । २७ माघ 'इकान्तिपुर' मा समाचार लेख छ । राष्ट्रिय सभामा माओवादी सांसद रामनारायण बिडारीले फेसबुक र twitter जस्तो सामाजिक संजाल बन्द गर्नु पर्ने माग राखे । यसबाट झन विश्वास गर्न सकिने वातावरण बनाई दिएको छ । कतै आफू र आफ्ना नेताहरुको सम्पति फेरी यस्ता सामाजिक संजालमा निस्कने डर भएर बन्द गर्ने माग गरेर बन्दै गराउने निर्णय गर्ने प्रयत्नमा पो छ कि प्रश्न गर्ने ठाँउ छ ।

बितेको केहि बर्षदेखि नेपाली युवाहरु ७० लाख विदेशीएको सरकारी तथ्याङ्कमा छ । तथ्याङ्कमा समावेश नभएका तथा छिमेकी भारतमा कति छ त्यसको लेखाजोखा गर्ने हो भने काम गर्ने जोश र जाँगर बोकेका युवाको संख्या विदेशमा पलायन भएका अझ धेरै छन् भन्ने अनुमान सजिलै गर्न सकिन्छ ।

नेपालको सरकारले ती युवाहरुलाई नेपालमै रोजगारीको सुनिश्चित नगरी ५० प्रतिशत युवाहरु विदेशमा बेचेर कमिशन खान पल्केका नेताहरुले विकासको र समृद्धिको कुरा गर्दा कसरी विश्वास गर्ने । बरु झन् बोलि दिने र आईपरि आउँदा बलिदान गर्न सक्ने युवाहरु देशभित्र नहुँदा हालका सरकारका नेताहरुले २५ अर्ब मात्र होइन खर्ब कमाउने र विकासको नाममा देश बरबादतिर लग्ने संकेतहरु देखापर्दैछ । बरु पंचायत कालमा कृषि उत्पादनमा निर्भर भएको देशलाई बहुदल, लोकतन्त्र भएर गणतन्त्रसम्म पुग्दा तुलनात्मक हिसाबमा नेपाली झन्झन् गरिब हुँदैछ । आफ्ना पुर्खाले संगालेर राखेको खेत–बारी छोरा–छोरी विदेश पठाउन बन्धक राखेर भविष्य राम्रो बनाउने आशमा बसेका धेरै नेपालीले खेतबारी पनि गुमाए साथमा छोरा–छोरी पनि गुमाएर सुकुम्बासी बनेका उदाहरण धेरै छन् । यस्तो सम्वेदनशील काममा सरकारको ध्यान जाला ? नेपाली जनताको पसिनाको कमाई नलुटेको भए नेताहरुसँग कसरी अर्बौं सम्पति जम्मा हुन्छ ? यी माथिका कुरा सत्य सावित भएमा अहिलेका विकासे नारा डरलाग्दो छ ।

यी नाराहरुमा जनतालाई फेरिफेरि केटाकेटीलाई पापा ल्याईदिने प्रलोभन मात्र साबित हुने निश्चित छ । गुण्डागर्दी र डनको संरक्षणले शासन गर्ने दलहरु यिनीहरुकै नाईके सावित गर्छ । यस कामले नेपालमा विकास होईन अहिलेको भन्दा विनाशतिर लिएर जाने मार्ग तयार गर्ने कुरा स्पष्ट रेखा देखिन्छ ।

नेपाल पानीको धनी देश हो पहिलेको तथ्याङ्क अनुसार ८४ हजार मेधावाट बिजुली निकाल्ने क्षमता नेपालमा छ । खानेपानीको लागि जनता लाइन बस्छ । घरमा पानी आएको दिन घरको आईमाई मात्र होइन परिवार नै खुशी हुनु पर्छ । त्यो पनि हप्तौंपछि तर पैसा तिर्नै पर्छ चाहे महिनामा एक चोटीमात्र पानी आओस् । पैसा लिएर पनि खानेपानी जस्तो अति आवश्यकीय बस्तुको व्यवस्था समेत नगर्ने नकचरो सरकारले विकासे र समृद्धिको नारा दिँदा पत्याउने नेपालका प्रबुद्ध वर्गहरु हुन कि प्रबुद्ध वर्ग भनाउँदा मतिभ्रम बुद्धिजीवीले सरकारको मतिभ्रम बनाएको हो । म जस्तो व्यक्तिले कसरी बुझ्ने ।

हालसालै अर्थमन्त्री युवराज खतिवडाले स्वेत पत्र जारी गर्दै देशको हालको आर्थिक स्थिति आर्थिक अनुशासन उल्लघंनका कारण देशको अर्थ तन्त्र दयनीय रहेको र राज्य कोष करिब रितो रहेको बताए । यी आर्थिक अनुशासन उल्लघंन कसले गर्‍यो ? अनि राज्यको ढुकुटी चलाउनेहरुको हो ? निश्चय पनि यी राज्यको ढुकुटी चलाउने र बाँडफाँट गर्ने अधिकार लिएका ने.का., एमाले र माओवादीबाहेक अरु को छ ? अझ अगाडि बढ्ने हो भन्ने अहिलेको राज्य संरचना अनुसार संघीय व्यवस्थामा ७ वटा संघीय सरकार, केन्द्र सरकार र स्थानीय ७५३ सरकार गरी देशभरी सरकारै सरकार छ । यी सरकारमा बस्ने पदाधिकारीहरुलाई तलव बाँड्न लाग्ने दायित्व बोकेको हालको सरकारले राज्य कोष करिब रितो भनेर स्वेत पत्र जारी गर्दा नेपाली जनताले कसरी बुझ्ने । यस्तो बिषम परिस्थिति साञ्चै हो या बनावटी हो । स्वेत पत्र सत्यमा आधारित हो भनेर मान्य हो भन्ने विकास र समृद्धि कसरी हुन्छ ? के अव प्रधानमन्त्रीले बोलेपछि आकाशबाट पानी परे जस्तो विकासको बर्षा हुने हो कि ? या पशुपतिमा साँढेको खस्छ कि भनेर कुरेर बस्ने । यस्तो अन्यौल वातावरण सृजना गरेर यो देशमा के गर्दै हो हामी जस्तो नेपालीले बुझ्ने भाषामा बोलिदिने कोहि प्रबुद्ध वर्ग र देश चलाउने दलका नेताहरु अगाडि आए बुझ्ने मौका पाउँछौं कि ।




## फौजदारी अभियोगमा सांसदको पद स्वतः निलम्बन हुने

काठमाडौं । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले फौजदारी अभियोगमा सांसदलाई मुद्दा लागेमा वा पुर्पक्षका लागि थुनामा राखिएमा सांसद पद स्वत: निलम्बन हुने व्यवस्था नियमावलीमा राख्ने गृहकार्य गरिरहेको छ ।

रिपोर्टर्स क्लब नेपालले आज आयोजना गरेको साक्षात्कारमा समितिका संयोजक कृष्णभक्त पोखरेलले विगतमा मुद्दा लागिसकेर कारागारमै रहे पनि सांसद पद रहिरहने नभई अन्तिम फैसला नभएसम्म स्वत: निलम्बन हुने व्यवस्था गर्न लागिएको बताउनुभयो ।

फैसलाले सांसद निर्दोष ठहरिए निलम्बन फुकुवा हुने र दोषी ठहरिए पदमुक्त हुने व्यवस्था गर्न लागिएको बताउँदै उहाँले सांसद पदमुक्त भएका खण्डमा उक्त निर्वाचन क्षेत्रमा पुन:निर्वाचन गराएर पदपूर्ति गर्ने व्यवस्था राख्न लागिएको जानकारी दिनुभयो ।

संयोजक पोखरेलका अनुसार अब बन्ने नियमावलीले महिनाको दुई पटक प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराएर सांसदले सोधेका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था गर्नेछ । सांसदले विशेष र शून्य समयमा उठाएका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिनुपर्ने व्यवस्था पनि नियमावलीमा राख्न लागिएको छ ।

विगतमा धेरै समिति बनाइए पनि प्रभावकारी रुपमा काम गर्न नसकेका कारण अब घटाएर १० मात्रै समिति बनाउने विषयमा प्रतिपक्ष दलसहितसँग सहमति भएको संयोजक पोखरेलले बताउनुभयो ।

समितिका सदस्य मीनबहादुर विश्वकर्माले संसदीय समिति सात वटा बनाउनुपर्नेमा जोड दिनुभयो । नियमावली बनाउँदा न्यायपालिकाको स्वतन्त्रतामाथि आँच आउने गरी बनाउन नहुने बताउँदै स्वतन्त्र न्यायपालिकालाई संसद्ले सीधै हेर्न नहुने विचार व्यक्त गर्नुभयो । विश्वकर्माले भन्नुभयो, '६ महिनाभित्र झण्डै तीन सय वटा कानुन बनाउनुपर्ने भएकाले सत्तापक्ष र प्रतिपक्ष संसदमा मिल्नाको विकल्प छैन ।'

तेह्र सदस्यीय समितिका अन्य सदस्यमा जुलीकुमारी महतो, दिलेन्द्रप्रसाद बडू, देवप्रसाद गुरुङ्ग, प्रेम सुवाल, वृजेशकुमार गुप्ता, डा. मीनेन्द्र रिजाल, रवीन्द्रप्रसाद अधिकारी, रेखा शर्मा, लक्ष्मणलाल कर्ण, डा. विन्दा पाण्डे र विमलप्रसाद श्रीवास्तव हुनुहुन्छ ।

# ‘माता पिताको सेवा नै धर्म हो’

– दुर्गा महर्जन

**श्रीमद्भागवत महायज्ञ मूल समारोह समिति एवं ज्येष्ठ नागरिक सेवा केन्द्रका अध्यक्ष दुर्गा महर्जनसँग सप्ताहव्यापी श्रीमद् भागवत कार्यत्रफमबारे लिएको संक्षिप्त कुराकानीः**



**१) ज्येष्ठ नागरिक सेवा केन्द्र कहिले स्थापना गरेको हो ?**

यो केन्द्र २०७३ बैशाख ४ गते अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको दिन स्थापना भएको हो। पाँगा लाछीमा न्हूगु ज्येष्ठ नागरिक क्लव नासः द्यो भवनमा स्थापना भई निस्कृय पश्चात् हामी बालकुमारी महिला समूह सिकुछेंका साथीहरुमा पनि हौसला बढ्यो अनि स्थापना गर्नेतिर लागेका हौं ।

**२) ज्येष्ठ नागरिकको सेवामा महिला सक्रिया भएको हो ?**

महिला मात्र होइन पुरुष पनि सक्रिय छन् । तर दिवा सेवा केन्द्रमा भोजन, स्याहारसुसार गर्न महिलाहरु बढी सक्रिय भएका छौं ।

**३) २ वर्ष भयो कस्तो अनुभव गर्नुभयो ?**

माता-पिताको सेवा नै धर्म हो भन्ने आत्मसाथ गरी पाँगा क्षेत्रका ज्येष्ठ नागरिकको सेवा गर्न पाउँदा हामी सबैलाई गौरव लाग्यो । घरमा एक्लै बसेर दिन बिताइरहनुभएका बा-माहरुलाई एकै थलोमा सहभागी गराई विभिन्न सकारात्मक काममा सहभागी गराउन पाउँदा उहाँहरु पनि खुसी नै हुनुहुन्छ ।

**४) पाँगाभर कतिजना ज्येष्ठ नागरिकहरु रहेका छन् ?**

स्थापनकालमा १९५ जना भिमरथारोहण गरेका ज्येष्ठ नागरिकलाई हामीले सम्मान गरेका थियौं । अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर सम्मान गर्दा उपस्थिति राम्रो थियो ।

**५) यो केन्द्रमा सुरुमा र अहिले कति जनालाई सेवा दिइरहनु भएको छ ?**

हामी यो केन्द्र सुरु गर्दा १२० जनासम्म पुगेथ्यो, अहिले ९० जनालाई दैनिक सेवा भैरहेको छ ।

**६) दैनिक कार्यक्रम कस्तो संचालन गर्नुहुन्छ ?**

विहान १० बजेदेखि यो सेवा केन्द्र खुला हुनेछ । सुरुमा नानीहिरा महर्जनको तर्फबाट १ घन्टा योगाभ्यास गर्नुहुन्छ । त्यसपछि दिनको १ बजे टिफन-चिया, बिस्कुट, अण्डा भोजन हुनेछ ।

केही समय आरामपछि मनोरञ्जनात्मक कार्यक्रम र एक आपसमा भलाकुसारी गर्नेछ । मनोरञ्जनात्मक कार्यक्रममा ज्येष्ठ नागरिकहरु नाचेर मन प्रफुल्ल पार्नेछ । साँझ ४ बजे भोजन गराउनेछ र भोजनपछि आ-आफ्नो घर फिर्ता हुनेछन् ।

**७) ज्येष्ठ नागरिकसँग मासिक सेवा शुल्क लिने गरिन्थ्यो रे ?**

हो, हामीले प्रभावकारी सेवा संचालन गर्न यो केन्द्रमा आर्थिक समस्या भएपछि यहाँ आउनुहुने ज्येष्ठ नागरिकका परिवारलाई पत्राचार गरी मासिक एक हजार सहयोग स्वरुप लिएर वहाँकै लागि खर्च गरिरहेका छौं ।

**८) दाताहरुबाट आर्थिक सहयोग र भोजन पनि खुवाउने गरेको छ नि ?**

दाताहरुको आर्थिक सहयोग र केन्द्रमा आउनुहुने ज्येष्ठ नागरिकको सहयोग नभएको भए यो केन्द्र बन्द भैसक्दथ्यो होला ।

दैनिक ३-४ हजारसम्म खर्च गरेर यो केन्द्रले २ वर्षसम्म लगातार सेवा गर्न पाएका छौं । हाम्रो उद्देश्य २-४ वर्ष सेवा होइन निरन्तर सेवा गर्छौं भनेर लागेका हौं ।

ज्येष्ठ नागरिकको सेवालाई कसैले आर्थिक सहयोग, कसैले भौतिक र भोजन र कसैले जन्मदिन या अन्य खुशीयालीमा विभिन्न क्षेत्रको अवलोकन गर्ने काम हामी र अन्य सहयोगी दाताबाट भैरहेको छ । म यो बोलिरहँदा ती सहयोगी दाताहरुप्रति भित्री मनबाट कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**९) सप्ताह गर्ने सोच कसरी आयो ?**

यो सप्ताह २०७२ साल बैशाख १२ गते गएको महाभूकम्पमा परी दिवंगत हुनुभएका (पाँगा लगायत देशभरका) मृत आत्माको चीर शान्तिको कामना गर्ने सोचले श्रीमद् भागवत सप्ताह गर्न लागेको हो ।


दोस्रो, हाल संचालनमा रहेको सेवा केन्द्र भवन साँघुरो छ । जग्गा भएमा भवन निर्माणको लागि सहयोग गर्छु भनेर सरकारी, गैरसरकारी र व्यापारी एवं सर्वसाधारणको मन रहेपछि हामीले जग्गा खोज्ने काम भयो । जग्गा दान सिकुछें निवासी माथँ महर्जन, मधुकर महर्जन, हिरादेवी महर्जन र एलिप महर्जनको एकाघरको ६ आना जग्गा प्राप्त भयो ।

यसै अवसरमा भवन निर्माण सहयोगार्थ यो सप्ताह सुरु गर्दैछौं ।

‘दान गरौं पुन्य कमाऔं’ भन्ने नारालाई सार्थक बनाउन हामीले भ्याएसम्मका संघसंस्था र क्षेत्रमा पत्राचार गरी सहयोग गर्न र सप्ताहमा सहभागी भई प्रसाद ग्रहण गर्न आग्रह गरेका छौं ।

**१०) अन्तमा केही भन्नु छ कि ?**

ज्येष्ठ नागरिक सेवाको कार्यलाई हामी सबै मिलेर सेवा र सहयोग गर्नु हुनेछ भनी विश्वास लिएका छौं । राज्यले गर्नुपर्ने कार्य हामी एउटा जागरुक संस्थाले कठिनताका साथ सफलतापूर्वक गर्दै आयौं र अबका दिनमा पनि सधैं निरन्तर सेवा प्रदान गर्न तपाईंहरुको आर्थिक, भौतिक, नैतिक सहयोग गर्नुहुने विश्वास लिदै यो समाचार सम्प्रेषण गर्न महत्वपूर्ण भूमिका खेल्नुहुने सहिद साप्ताहिक पत्रिकाका सबै परिवारलाई धन्यवाद एवं आभार व्यक्त गर्दछु ।



प्रस्तावित भवन

**आर्थिक तथा भौतिक सहयोग गर्ने दाताहरुलाई सम्मान कार्यक्रमः**

१) रु.५००: पितृ फोटो एक प्रतिको
२) रु.१०००: कलश स्थापनाको
३) रु.५००-१०००: रुद्रिमालाबाट सम्मान गर्ने
४) रु.१००१-५०००: रामनाम खास्तो, रुद्रिमालाबाट सम्मान
५) रु.५००१-१००००: सम्मान पत्र, रामनाम खास्तो, रुद्रिमालाबाट सम्मान गर्ने
६) रु.१०००१-२५०००: चाँदीको फ्रेममा सम्मान पत्र, शिलापत्रमा नाम र माथिको सबैबाट सम्मान गर्ने
७) २५००१-१०००००: आँखी झ्याल फ्रेममा सम्मान पत्र र दोसल्ला ओढाएर माथिको सबैबाट सम्मान गर्ने
८) रु.१००००१-५०००००: आँखी झ्याल फ्रेममा सम्मान पत्र सहित तीनपुस्ते नाम शिलापत्रमा लेखी माथिको सबैबाट सम्मान गर्ने
९) ५०००01 देखि माथिः सानो प्रतिमासहित माथिको सबैबाट सम्मान गर्ने
१०) जग्गा दान गर्नेहरुको शिलापत्रमा नामसहित माथिको सबैबाट सम्मान गर्ने ।




# विद्यार्थी र सहकारी संस्थाले धानेको सहिद दिवस

**– एनम**

ऐतिहासिक जन आन्दोलन २०४६ मा कीर्तिपुर क्षेत्रबाट ४ जनाले शहादत प्राप्त गरे भने धेरै घाइते भएका थिए ।

२०४६ साल फागुन ७ गतेबाट सुरु भएको निरंकुश पंचायती व्यवस्था विरोधमा शान्तिपूर्ण रुपमा आन्दोलनमा उत्रेका आन्दोलनकारीहरुमाथि फागुन ८ गते भक्तपुरमा गोली चलाई ६ जनालाई उपत्यकामा पहिलो सहिद बनाए ।

हत्याको विरोधमा देशभर आन्दोलनले चर्को रुप लियो । दैनिक रुपले आन्दोलनका विभिन्न रुपहरु लिए ।

ललितपुरमा चैत्र १७ गते आन्दोलनकारीहरुमाथि गोली हानी २ जना सहिद बनाए भने चैत्र २० गते कीर्तिपुरमा ४ जनालाई शहादत बनाए ।

२०४६ सालका सहिदहरु र घाइते योद्धाहरुको उच्च सम्झनामा आ-आफ्नै क्षेत्रमा वर्षेनी विभिन्न कार्यक्रम गर्दै आइरहेको छ ।

कीर्तिपुरमा २०५० सालमा स्थापना भएको सहिद स्मृति व्यवस्थापन समितिको आयोजनामा सहिद दिवस मनाउने गरिन्छ । यस वर्ष पनि चैत्र २० गते सहिद प्रतिमा स्थल कीनपा ३ खासीबजारमा भेला भई सहिद परिवार, सांसदहरु, विभिन्न संघसंस्थाहरुको सहभागितामा सहिद दिवस सम्पन्न गरेको छ ।

सहिद जनताको लागि भएका छन् । जनतामा मौलिक हक स्थापित होस्, सुख शान्ति र समृद्धिको सपना साकार होस् भनेर आन्दोलनमा होमिए र सहिद बने । तर दु:ख लाग्छ जनताको हितमा शहादत प्राप्त सहिदको सम्मान झारा तार्ने काम मात्र भएको छ । वर्षको एक दिन चैत्र २० मात्र सम्मान गरेर । जनताको लागि मरेकाहरुको सम्मानमा सहिद दिवसको दिन जनता उत्रेन बरु स्कुल कलेजका विद्यार्थी, सहकारीको सहभागिता नभएमा अझ कमजोर हुन्थ्यो ।

यो भन्दा अघि सहिद प्रतिमा स्थल खासीबजारस्थित मभिं पोखरी सम्बन्धी लिएर नेपालको संविधान २०७२ र सहिद प्रतिमा परिसर सुधारलाई लिएर विचार गोष्ठी भयो भने यस वर्ष कृष्ण क्याटरिङ्गमा सहिद दिवस प्रभावकारी ढंगले वर्षेनी मनाउन कार्यशाला गोष्ठी भयो ।

विचार गोष्ठी, कार्यशाला गोष्ठीमा उठेका सल्लाह र सुझाव सहिद स्मृति व्यवस्थापन समितिले कतिको आत्मसात गरेको छ । सुझाव र सल्लाहमा उठेका राम्रा पक्षलाई आगामी वर्षमा कार्यान्वयन गर्ला कि नगर्ला प्रश्न यहाँनिर उठेको छ ।

विचार गोष्ठीमा उठेका सवाललाई लिएर प्रतिमा स्थल मभिं पोखरी पुरिसकेकोलाई पुन:र्जिवित पार्ने प्रयास नगरेको होइन ।

पोखरी संरक्षण गर्ने दृष्टिले सहिद स्मृति व्यवस्थापन समितिले नक्साङ्कन सहित कीर्तिपुर नगरपालिकामा निवेदन हालेको थियो । नगरपालिकाका तत्कालिन नेतृत्व कार्यकारी अधिकृत कर्मचारी थिए । कर्मचारी आफैले रिस्क लिएर पोखरी जीवित पार्ने आँट गरेनन् । सफाईको लागि तोक लगाइसकेको फाइल समेत गायब भयो र कार्यान्वयन गरेनन् ।

जनप्रतिनिधि आगमनसँगै सहिद प्रतिमा स्थल मभिं पोखरी संरक्षण भयो र नयाँ रुप लिएको छ । कीर्तिपुरको शान बढेको छ । निर्वाचित जनप्रतिनिधि अगाडि पोखरी संरक्षणको सत्यतालाई बगैंचा पार्क बनाउने, पोखरी पुर्ने र बसपार्क बनाउने सोचकाहरु असफल भएको छन् ।

कीर्तिपुरको सहिद दिवसको दिन राष्ट्रिय सहकारी दिवस पनि परेको छ । कीर्तिपुरमा क्रियाशील सहकारी संस्थाहरु र सहिद दिवसमा आवद्ध संघसंस्थाहरु दुई वटा ब्यानरमा पदयात्रा गर्नुपर्ने बाध्यता भएको छ ।

सहिद दिवस भएकोले सुरुको ब्यानर सहिद दिवस प्रभातफेरी रहने भयो भने सहकारी संघसंस्थाहरुको सहकारिता दिवसको ब्यानर । एउटै पदयात्रामा २ वटा कार्यक्रमको ब्यानरले के सन्देश दिनेछ सोच्नुपर्ने देखिन्छ ।

कतै सहिद दिवसको प्रभावकारिता पद्‌यात्रामा स्कुल, कलेज, संघसंस्था, सहकारीको उपस्थिति नभएको भए सहिद दिवसमा संख्याको उपस्थिति अझ न्यून हुने देखिन्छ ।

जनताको लागि शहादत गरेका सहिदहरुको सम्मान वर्षको एक पटक गरिरहँदा पनि स्थानीय जनताहरुको सहभागिता किन भएन ? विचारणीय पक्ष यहाँ पनि छ ।

**सहिद दिवसका कार्यक्रम:**

सहिद दिवसको सम्झनामा विभिन्न संघसंस्थाले विविध कार्यक्रम गर्दै आइरहेको छ ।

सहिदप्रति सम्मान गर्दै नास: पुचले वर्षेनी सहिद रक्तदानलाई निरन्तरता दिएको छ । यो वर्ष चैत्र १७ गते स्थानीय कुटुझोलमा ५० जनाभन्दा बढीले रक्तदान गरेको छ ।

इन्द्रेणी सांस्कृतिक समाजले वर्षेनी सहिद सांस्कृतिक श्रद्धाञ्जली गरेको छ । यो वर्ष कृष्ण क्याटरिङ्गमा जनगायक रामेश, रायन, रामकृष्ण दुवाल, वीर प्रसाद भन्सारीलगायतले जनताको गीत प्रस्तुत गरेर सहिद सम्मान गरेको छ ।

युवा खेलकुद समूह कीर्तिपुरले वर्षेनी सहिद स्मृति कप ब्याडमिन्टन प्रतियोगिता गरेको छ ।

## "स्वस्थ, मित्रता र अनुशासनको लागि खेलकुद"

**१० औं सहिद स्मृति कप खुला ब्याडमिन्टन प्रतियोगिता २०७४ सफलताका साथ सम्पन्न भएकोमा युवा खेलकुद समूहद्वारा**

### हार्दिक धन्यवाद



२०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गर्ने सहिदहरु तथा घाइते योद्धाहरुप्रति उच्च सम्मान गर्दै यस समूहको आयोजनामा २०७४ चैत्र १८ गतेदेखि २४ गतेसम्म उपत्यकाव्यापी १० औं सहिद स्मृति कप मेन्स डबल्स खुला व्याडमिन्टन प्रतियोगिता सम्पन्न भयो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय (२) हुन सफल खेलाडीहरुलाई हार्दिक बधाई तथा सहभागी सम्पूर्ण खेलाडीहरुलाई धन्यवाद ज्ञापन गर्दछ ।

प्रतियोगिताको उद्‌घाटन गर्नुहुने समाजसेवी एवं खेलाडीद्वय खेमराज पोखरेल र राजेन्द्र प्रसाद कँडेल, कीर्तिपुर बयाडमिन्टन क्लवका अध्यक्ष राजु महर्जन, सहिद स्मृति व्यवस्थापन समितिका अध्यक्ष सिद्धिकुमार मानन्धर, समापन तथा पुरस्कार वितरण समारोहका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एवं प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाई, कीर्तिपुर ब्याडमिन्टन क्लवका कोषाध्यक्ष चन्दन महर्जन, पूर्व अध्यक्ष एवं माइक्रोटेकका प्रबन्धक ई. दुर्कमान महर्जन, जनसेवा माविका प्राचार्य नन्दकुमारी महर्जन, कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदिप महर्जनलगायत आमन्त्रित अतिथिहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

प्रतियोगिता संचालनको लागि स्थान उपलब्ध गराउने देउखल विचा: गुठी, मेच व्यवस्थापन गर्ने सहिद स्मृति वाचनालय, मय्‌जु महर्जन, द्वारिकामान महर्जन, राजमान महर्जन प्रति कृतज्ञता व्यक्त गर्दछु ।

प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न कीर्तिपुर व्याडमिन्टन क्लवका तर्फबाट रेफ्री ओममुनि बज्राचार्य र रमेश श्रेष्ठलगायत लाइन्समेन र आर्थिक भौतिक सहयोग गर्नुहुने सबै सहयोगीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**युवा खेलकुद समूह, कीर्तिपुर**



## सिरियामा भएको साम्राज्यवादी हमलाको विरोधमा भक्तपुरमा जुलुस

भक्तपुर । सार्वभौम देश सिरियामाथि अमेरिका, बेलायत र फ्रान्सलगायतका साम्राज्यवादी देशहरुले गरेको हमलाविरुद्ध नेपाल मजदुर किसान पार्टीका जनवर्गीय संगठनहरुले सोमबार भक्तपुरमा विरोध जुलुस तथा सभाको आयोजना गरेका छन् ।

नेपाल क्रान्तिकारी युवा संघ र नेपाल क्रान्तिकारी विद्यार्थी संघको संयुक्त आयोजनामा पार्टीको केन्द्रीय कार्यालय गोल्मढीबाट सुरु भएको जुलुस भक्तपुर नगर परिक्रमा गरी सूर्यविनायक चोक पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेश नं. ३ का सभासद सुरेन्द्रराज गोसाईंले अमेरिकी साम्राज्यवाद रहेसम्म संसारमा जहाँ पनि विध्वंस भइरहने बताउनुभयो । विश्वमा विभिन्न लडाकु र विद्रोही संगठनको नाममा अमेरिकाले तिनीहरुलाई हातहतियार दिई आतंक मच्चाउने प्रमुख नाइके अमेरिकी साम्राज्यवाद नै रहेको सांसद गोसाईले भन्नुभयो ।

हातहतियार र शक्तिको भरमा धम्क्याउँदै आएको अमेरिकी साम्राज्यवाद विश्वका हरेक ठाउँहरुबाट पराजित हुँदै आएको दृष्टान्त दिनुहुँदै उहाँले अमेरिकी साम्राज्यवादको पतनको घडी नजिकिँदै गएको बताउनुभयो ।

सभालाई सम्बोधन गर्नुहुँदै नेपाल क्रान्तिकारी विद्यार्थी संघका संयोजक नीरज लवजूले सिरियालगायत मध्यपूर्वका देशहरुमा रहेका तेल खानी कब्जा गर्ने उद्देश्यअनुरुप अमेरिकाले सिरियाली सरकारविरुद्ध आक्रमण सुरु गरेको बताउनुभयो । उहाँले संसारमा पहिलोपटक भियतनाम, कोरियालगायतका देशमा रसायनिक हतियारहरुको प्रयोग अमेरिका आफैले गरेको तर्क सार्दै साम्राज्यवादविरुद्ध संघर्ष गर्दै आएका सिरियाली जनताहरुप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो ।


उहाँले एउटा सार्वभौम देशमाथि हमला हुँदासमेत नेपालको वामपन्थी कहलिएको सरकार चुपचाप बस्नुले यो गठबन्धन पनि अमेरिकी साम्राज्यवादको कठपुतली भएको पुष्टि भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा संघ भक्तपुर जिल्ला समितिका अध्यक्ष मीन बहादुर बाटाले हरेक देशभक्त र न्यायप्रेमी जनताहरुले संसारभर अमेरिकी साम्राज्यवादले मच्चाइरहेको आतंकको विरोध गर्नुपर्ने बताउनुभयो ।

जुलुसमा सहभागीहरु युवा विद्यार्थीहरुले 'अमेरिकी साम्राज्यवाद मूर्दावाद', 'सिरियामाथिको साम्राज्यवादी हमला बन्द गर'लगायतका नारा लगाएका थिए ।

## किन हुन्छ आँखाको डेढोपन ?

– डा. आनन्द शर्मा



काठमाडौं । कुनै वस्तुलाई हेर्दा एउटा आँखाले त्यही वस्तुलाई र अर्को आँखाले तल-माथि, दायाँ-बायाँ हेर्नुलाई आँखा डेढो भएको मानिन्छ । बच्चा जन्मिसकेपछि आँखाको सम्पूर्ण हेर्ने भागको विकास हुन्छ । त्यसक्रममा आँखा घुमाउने मांसपेशी पनि विकास हुन्छ । त्यही मांसपेशीले आँखालाई सन्तुलित गरेको हुन्छ । तर कहिलेकाहीँ मांसपेशीको विकासक्रममा असर पर्न सक्छ र प्यारालाइज हुन्छ । यसो भयो भने आँखा डेढो हुन्छ ।

बच्चाको जन्मेपछि बिस्तारै आँखाको विकास हुन्छ र ६ देखि ८ हप्तासम्म एउटा पोजिसनमा बस्छ । तर जन्मनेबित्तिकै सन्तुलित भएन भने डेढोपन भनिँदैन ।

**के कारणले हुन्छ ?**

डेढोपन आनुवंशिक तथा क्रोमोजमको असन्तुलनले पनि हुन्छ । कुनै बच्चामा जन्मजात हुन्छ भने कसैलाई स्कुल जाने उमेरमा पनि हुन्छ । एउटा आँखामा चोट लाग्यो भने, आँखाको पर्दा फाट्यो भने, आँखाको नशामा प्यारालाइसेस भएर डेढो हुने समस्या हुन्छ ।

नजिकको दृष्टि कम हुँदा प्लस पावरको चश्मा लगाउनुपर्नेमा लगाएन भने यस्तो समस्या देखिन्छ । बच्चामा यस्तो समस्या छ भने डेढोपन कम गरिदिन्छ । यस्तै, चोट लागेर नशा आँखाको नशा प्यारालाइसिस भयो भने, उच्च रक्तचापका कारण ब्रेन हेमरेज हुँदा, टाउकोको चोटका कारण आँखा डेढो हुन्छ । जनसंख्याको २ देखि ४ प्रतिशत जनसंख्यामा यो समस्या देखिएको अनुमान छ । डेढो आँखाको भिजन कम हुन्छ र साइडमा गएर बस्छ यदि बच्चामा छ भने भिजन भित्र पस्छ ।

**डेढो आँखाको उपचार कसरी गर्ने ?**

डेढो आँखालाई अपरेशन गरेरभन्दा पनि नियमित परीक्षण गर्नुपर्छ । त्यसपछि कस्तो खालको समस्या हो पहिचान गरेर त्यसैअनुसारको उपचार गर्नुपर्छ । कसैलाई चश्मा दिनुपर्छ, कुनै अल्छी आँखा छ भने उपचार गर्नुपर्छ । आफैं सिधा नभए कस्मेटिक रुपले सिधा गर्नुपर्छ । कसैलाई हाइपावरको चश्मा लगाएर पनि ठीक हुन्छ भने अकोमोडेटिभ पावर बच्चाहरुमा धेरै हुन्छ । यो उमेर बढ्दै जाँदा कम हुँदै जान्छ । ४० वर्षमा जिरो लेवलमा पुग्छ ।

सिधा आँखा छ भने पनि टाउकोमा सामान्य चोट लाग्दा भिजन बाहिर गएर डेढो हुने समस्या हुन्छ । केटाकेटी अवस्थामा नै यसको उपचार गर्‍यो भने यो समस्या हटाउन सकिन्छ ।

हाम्रो समाजमा यस्तो आँखा भएका बच्चाहरु भाग्यमानी हुन्छन् भनेर भन्ने चलन छ । तर यस्ता आँखा हुने बच्चाहरु भाग्यमानी होइनन्, बरु समयमै उपचार गर्न जरुरी हुन्छ । यो समस्या लिएर आउनेहरु कसैलाई अपरेशन गरिदिनुपर्छ, कुनैलाई औषधि राखिदिए र सिधा बनाइन्छ भने कसैलाई चश्मा दिनुपर्छ । कसैलाई चश्मा लगाइदिएर पट्टी लगाएपछि दृष्टि सुधार गरिन्छ । दृष्टि जति छिटो सुधार गरिन्छ, त्यति नै राम्रो हुन्छ ।

२ वर्षदेखि ५ वर्षका बच्चाहरुको आँखाको अवस्थालाई क्रिटिकल पिरियड मानिन्छ । बच्चाको आँखा ७ देखि ८ वर्षभित्र पूर्ण रुपमा विकास भैसकेको हुन्छ । त्यसैले ८ वर्षपछिको उपचार अलि जटिल हुन्छ । त्यसैले जतिसक्दो चाँडो चिकित्सकलाई भेटेर उपचार थालिहाल्नुपर्छ । कुनै बेला चश्मा लगाइदियो भने आँखा सोझो हुँदै आउँछ भने कसैमा भने चश्मा र सर्जरी दुवै चाहिने हुन्छ ।

यस्तै, आँखालाई डेढो हुनबाट बचाउन चोटपटक लाग्नबाट बचाउनुपर्छ । चोट लागेर दृष्टि कम भयो भने डेढो हुन्छ । एउटा आँखा डेढो छ भने आँखाको भिजन बराबर हुँदैन । यदि क्षयरोग भएर आँखाको ६ नम्बर नशामा प्यारालाइसिस भएको छ भने फिजियोथेरापी गरेर निको बनाउन सकिन्छ । चोट लागेर डेढो भएको अवस्थामा भने पहिलेजस्तै बनाउन सर्जरी गर्न सकिन्छ ।

– प्रस्तुति: सिर्जना खत्री

– स्वास्थ्य खबर